# पप आर्ट : बिसौं शताब्दीको एक महत्वपूर्ण कला आन्दोलन

नवीन्द्रमान राजभण्डारी


## लेखसार

*दोस्रो विश्वयुद्धपश्चात् परिवर्तित आर्थिक एवम् सांस्कृतिक परिवेशसँगै अन्तर्राष्ट्रिय कला जगत्मा संयुक्त राज्य अमेरिकाले आफ्नो प्रभुत्व जमाउन थालेको थियो। तदुपरान्त आधुनिक कलाका गतिविधिहरूको केन्द्र अमेरिका बन्न थालेको थियो। आम सञ्चार तथा आम उत्पादनमा प्रयोग हुने आकृति तथा पद्धतिहरूलाई कलामा उपयोग गर्ने प्रवृत्तिसँगै 'पप आर्ट' को अभ्युदय भएको थियो। वास्तवमा विश्वयुद्धपश्चात् अकासिएको आर्थिक समुन्नति तथा त्यसबाट जनित 'पप संस्कृति' नै पप आर्टको उद्गम थियो। इङ्ग्ल्यान्डबाट थालनी भएको पप आर्ट अमेरिकामा मौलाएको थियो। प्रस्तुत लेखमा पप आर्टको पृष्ठभूमि, यसको प्रवृत्ति तथा यस शैलीका महत्त्वपूर्ण कलाकारहरूबारे चर्चा गरिएको छ।*


## पृष्ठभूमि

दोस्रो विश्वयुद्धको समाप्तिसँगै युरोप, जापानलगायत युद्धमा संलग्न प्रायः सबै मुलुकको अर्थ व्यवस्था धराशायी भएको थियो । अपितु पश्चिम युरोप र जापानले केही वर्षभित्र नै एकदम प्रतिकूल अवस्थालाई छिचोल्दै अकल्पनीय रूपमा आर्थिक समृद्धि हासिल गर्न थालेको थियो ।

युद्धपश्चात् अमेरिका विश्वकै सर्वाधिक समृद्ध एवम् शक्तिशाली राष्ट्र बन्न पुगेको थियो । यो विशाल राष्ट्र आधुनिक प्रविधि तथा उद्योग व्यापारको उर्बर भूमिका रूपमा द्रुत गतिमा स्थापित हुँदै थियो । अमेरिकालाई युद्धोत्तर कालको 'आशा र सपनाको मुलुक' का रूपमा हेर्न थालिएको थियो । विश्वभरबाट ओइरिएका विविध धर्म, वर्ण एवम् जातजातिका मानिसहरूका लागि यो भूमि 'मेल्टिङ पट' बन्न थालिसकेको थियो । आर्थिक समुन्नतिसँगै द्रुत गतिमा बदलिँदै गइरहेको पश्चिमा जीवन शैलीमा उपभोक्तावादी संस्कृतिले जरा गाड्न थालेको थियो । परिवर्तित सांस्कृतिक परिवेशसँगै अन्तर्राष्ट्रिय कला जगत्मा संयुक्त राज्य अमेरिकाले आफ्नो प्रभुत्व जमाउन थालेको थियो । ज्याज सङ्गीत र सिनेमाको त यो मुलुक माउ थलो नै बनिसकेको थियो ।

युद्ध भड्किनुअगाडि र युद्ध कालमा नाजी दमनबाट जोगिने क्रममा युरोपबाट अनगिन्ती बौद्धिक व्यक्तिहरू अमेरिका भासिएका थिए । ती युरोपेली विचारक, कवि, लेखक, सङ्गीतकार, चलचित्रकर्मी, कलाकार, वास्तुकार एवम् वैज्ञानिकहरूले अमेरिकाको बौद्धिक जनजीवनमा महत्त्वपूर्ण प्रभाव पारेका थिए । तदुपरान्त पाश्चात्य संस्कृतिको नेतृत्वको बागडोर अमेरिकाले लिन थालेको थियो (बोकोला, १९९९, पृ. ३९१) ।

## पप आर्टको उदय

सन् १९५५ देखि १९६५ का अवधिमा केही कलाकारहरूले युद्धोत्तर संस्कृतिमा द्रुत गतिमा फस्टाउँदै गरेको आमसञ्चारप्रति औधी रूचि लिन थालेका थिए । फलतः उनीहरूले आफ्ना कलामा आम उत्पादनमा प्रयोग हुने आकृति तथा पद्धतिहरूलाई उपयोग गर्न थालेका थिए । हुनत 'असेम्ब्लेज' (Assemblage) पद्धतिमा काम गर्ने कलाकारहरूले पनि विभिन्न वस्तुहरूको प्रयोगद्वारा कलाकृति रचना गर्थे तर तिनमा आम उत्पादनका वस्तुहरूको प्रयोग सीमित मात्रामा हुने गर्थे । यो नयाँ कला आन्दोलनलाई 'पप आर्ट' (Pop Art) नामकरण गरिएको थियो । आम उत्पादनसँग जोडिएका आकृतिहरु एवम् पद्धतिहरूको व्यापक प्रयोगका कारण समकालीन कलाका अन्य धारहरूका तुलनामा पप आर्टको स्वरूप बढी लालित्यपूर्ण रहेको छ । संवेगात्मक प्रभावका दृष्टिले 'असेम्ब्लेज' तथा 'ह्यापेनिङ्स' (Hapenings) जस्ता कला आन्दोलनहरूमा देखिने अपहेलना, उपहास र हास्य प्रवृत्तिका बदला पप आर्ट बढी लाक्षणिक एवम् निरपेक्ष देखिन्छ (स्टोकस्टाड, २००८, पृ. ८८८) ।

पप आर्टको अभ्युदय तत्कालीन कला जगत्मा प्रभुत्व जमाएर बसेको अमूर्त अभिव्यञ्जनावाद (Abstract Expressionism) को विरूद्ध भएको थियो (पाइपर, पृ. ४८६) । बनिबनाउ तथा उपलब्ध वस्तु एवम् आकृतिहरूलाई उपयोग गरी कलाकृति रचना गरिनाले पप आर्टले 'दादा' (Dada) शैलीसँग केही सामञ्जस्य राख्छ । संयुक्त राज्य अमेरिकामा सन् १९६२ देखि पप आर्टले व्यापकता लिन थालेको थियो । तथापि यो कला अभियानको सुरूआत भने केही वर्षअगाडि नै इङ्ग्ल्यान्डमा भइसकेको थियो । विश्वयुद्धपश्चात् अकासिएको आर्थिक समुन्नति तथा त्यसबाट जनित 'पप संस्कृति' (pop culture) नै पप आर्टको उद्‌गम थियो । यो कला आन्दोलनलाई 'पप आर्ट' को संज्ञा ब्रिटिस कला समीक्षक लरेन्स अलोवे (Laurence Alloway) ले दिएका थिए ।

पप आर्टमा काम गर्ने कलाकारहरु आम जनजीवनमा प्रचलित एवम् लोकप्रिय वस्तुहरु, जस्तै : पाउरोटी, चटनी, समाचारपत्र, सिनेमाका टिकट, लेबल, र्‍यापर आदि आफ्ना कलाकृतिमा टाँस्थे । आधुनिक विश्वमा लोकप्रिय आकृतिहरु तथा व्यापार एवम् संस्कृतिसँग जोडिएका चित्रहरूको व्यापक प्रयोग नै पप आर्टको लोकप्रियता र सफलताका कारण थिए ।

## रिचर्ड ह्यामिल्टन (Richard Hamilton)

सन् १९५२ मा लन्डनमा युवा कलाकारहरूको एक जमातले 'स्वतन्त्र मण्डल' (Independent Group) नाउँको समूह स्थापना गरेका थिए । त्यस समूहमा वास्तुकार रिचर्ड रबर्ट स्मिथसन (Richard Robert Smithson), मूर्तिकार एडुआर्डो पाउलोज्जी (Eduardo Paolozzi), चित्रकार रिचर्ड ह्यामिल्टन (Richard Hamilton) आदिको संलग्नता रहेको थियो । उनीहरूको छलफलका विषयवस्तु यन्त्र, विज्ञापन, चलचित्र आदिका कारण परिवर्तित जनजीवन, संस्कृति एवम्



**रिचर्ड ह्यामिल्टन**, *फगत के हो त्यो, जसले . . .*, १९५६, कोलाज, २६ से. मि X २५ से. मि., कुन्सथले, जर्मनी

त्यसको परिणाममाथि केन्द्रित रहने गर्थ्यो । उनीहरु तत्कालीन परिवेशमा वर्चस्व कायम गरेका कलाका आधुनिक प्रवृत्तिहरूलगायत कलाप्रतिको परम्परागत दृष्टिकोणका प्रखर विरोधी थिए । उनीहरूले लन्डन स्थित इन्स्टिच्युट अफ कन्टेम्पोररी आर्टस् (Institute of Contemporary Arts) मा प्रदर्शनीहरूको आयोजना गर्थे । त्यस समूहका सदस्य रिचर्ड ह्यामिल्टनलाई पप आर्ट शैलीको जनक मानिन्छ ।

ह्यामिल्टनको मान्यताअनुसार टेलिभिजन, चलचित्र तथा सञ्चारका अन्य माध्यमहरूले आधुनिक आमसंस्कृतिको रूप लिइसकेका छन् र परम्परागत कलाले गर्ने कार्य अब तिनले गरिरहेका छन् । विगतका कलाले आदर्श सौन्दर्यलाई प्रस्तुत गर्थ्यो भने आजका दर्शकहरु त्यही कुरा विज्ञापन तथा पिन-अप फोटोग्राफहरूमा देख्छन् । यदि कलाको कार्य समाजबारे टिप्पणी गर्नु हो भने टेलिभिजनमा प्रसारण हुने समाचारले त्यसलाई झन् तीव्र रूपमा गरिरहेको छ । यदि परम्परागत कलामा कुनै पौरख वा शौर्यका आख्यानलाई यथार्थ जीवनभन्दा बृहत् आकृतिमा प्रस्तुत गरिन्थ्यो भने अब ती दृश्य चलचित्रहरूमा देख्न सकिन्छ । अन्ततः यदि कुनै पनि कलाका शैलीले आफ्नो समयलाई प्रतिनिधित्व गर्छ भने वर्तमान समयमा मोटर गाडी तथा अन्य नवीनतम उपभोग्य वस्तुहरूले त्यही काम गरिरहेका छन् । (स्टोकस्टाड, २००८, पृ. ८८९) ।

सन् १९५६ मा हामिल्टनले 'फगत के हो त्यो, जसले अचेलका घर एकदम पृथक र आकर्षक पार्छ ?' (Just what is it that makes today's homes so different? So appealing?) शीर्षकको कोलाज कृति बनाएका थिए । यो लामो शीर्षक उनले विज्ञापनका नाराबाट लिएका थिए ।

यस रचनामा एक जोडी पुरूष र महिला आकृति रहेका छन् । हामिल्टनले तिनलाई 'आडम' (Adam) र 'इभ' (Eve) को संज्ञा दिएका छन् । चित्र रचनामा दृश्यमान कोठालाई अमेरिकी उत्पादनहरूबाट सिँगारिएका छन् । कोठाको झ्यालबाहिर देखिने सिनेमा थियटरमा सन् १९२७ मा निर्मित पहिलो साउन्ड ट्रयाक सिनेमा 'दि ज्याज सिङ्गर' (The Jazz Singer) चलिरहेको छ । टिभी सेटमाथिको भित्तामा परम्परावादी कला समीक्षक जोन रस्किन (John Ruskin) को पोट्रेट झुन्डिएको छ । केन्द्रीय पुरूष पात्रले बोकेको वस्तुमा अङ्कित



**जास्पेर जोन्स**, *तिन ओटा झन्डा (Three Flags)*, १९५६, क्यान्भासमा मैन, ७६ से. मि X ११४ से. मि., व्हिट्ने म्युजियम अफ अमेरिकन आर्ट, न्युयोर्क

अक्षर 'पप' (POP) बाट नै समीक्षक लरेन्स अलोवेले हामिल्टनको यो कोलाज रचनालाई 'पप आर्ट' (Pop Art) को संज्ञा दिएका थिए । समग्रमा हामिल्टनको यस कृतिले आमसञ्चारका आकृतिहरूको प्रयोगद्वारा आधुनिक सुविधा, समुन्नति एवम् सफलताको दृष्टान्त पस्केको छ (स्टोकस्टाड, २००८, पृ. ८८९) ।

## अमेरिकी पप आर्ट

चलनचल्तीका लोकप्रिय विषयवस्तुलाई तटस्थ भावबाट सम्बोधन गर्नु नै पप आर्टको चारित्रिक विशेषता मान्न सकिन्छ । यही प्रवृत्तिका कारण पप आर्टलाई यथार्थपरक कलाको आधुनिक स्वरूपका रूपमा स्थापित गरिदिएको छ । यो प्रवृत्ति दादा कला (Dada art) का विवादास्पद कोलाजहरू तथा अतियथार्थवाद (Surrealism) का रोमाञ्चक तथा रहस्यात्मक रचनाहरूदेखि सर्वथा पृथक रहेको छ (बोकोला, १९९, पृ. ४२२) ।



**रबर्ट रसेनबर्ग**, *गल्छी (Canyon)* , १९५९, मिश्रित माध्यम, १८५ से. मि X १६८ से. मि. X ६३ से. मि., बाल्टिमोर म्युजियम अफ आर्ट, मेरिल्यान्ड

## जास्पेर जोन्स (Jasper Johns) र रबर्ट रसेनबर्ग (Robert Rauschenberg)

अमेरिकी आधुनिक कलालाई सर्वथा नौलो दिशातर्फ उन्मुख गराउनमा जास्पेर जोन्स (Jasper Johns) र रबर्ट रसेनबर्ग (Robert Rauschenberg) को उल्लेखनीय योगदान रहेको छ । त्यसताका युवा कलाकारहरू सहरी जीवनसँग सम्बद्ध आकृतिहरूप्रति निकै आकर्षित हुँदै थिए । उनीहरू कला रचनाका दृष्टिले ती आकृतिहरूको सामर्थ्य र सम्भाव्यता खोज्दै थिए (बोकोला, १९९९, पृ. ४२२) ।

रसेनबर्ग चित्र र मूर्तिलाई एउटै रचनामा संयोजन गर्थे । त्यसलाई उनले 'कम्बाइन्स' (Combines) अर्थात् 'संयुक्त' को संज्ञा



**एन्डी वारहोल**, *जोन लेनन (John Lenon)*, क्यानभासमा सिल्क स्क्रिन

दिएका थिए । उनी फोटो, समाचारपत्रका टुक्रा आदि टाँसेर कलाकृति रचना गर्थे । उनी आफ्ना रचनाहरू मार्फत समकालीन मुद्दाहरूलाई सम्बोधन गर्थे ।

जास्पेर जोन्स कला रचनामा कलात्मक गुणलाई बढी महत्त्व दिन्थे । तुलनात्मक दृष्टिले उनका कामहरू बढी नियन्त्रित, सन्तुलित एवम् बौद्धिक प्रतीत हुन्छन् ।

जास्पेर जोन्स र रबर्ट रसेनबर्गलाई संयुक्त राज्य अमेरिकामा पप आर्ट अभियानलाई मार्ग दर्शन दिएका प्रारम्भिक कलाकारका रूपमा स्मरण गरिन्छ ।

## एन्डी वारहोल (Andy Warhol)

अमेरिकी कलाकारहरूले पप आर्टलाई अझ परिष्कृत एवम् सरलीकृत स्वरूप दिएका थिए । अमेरिकी पप आर्टलाई शिखरमा पुऱ्याउनमा एन्डी वारहोलको महत्त्वपूर्ण योगदान रहेको छ । खाद्य पदार्थका बट्टा, पेय पदार्थका सिसी आदि एवम् सङ्गीत, चलचित्र जस्ता अमेरिकी आम संस्कृतिमा लोकप्रिय पात्रहरू वारहोलका विषयवस्तु रहेका छन् ।

वारहोलका प्रतिनिधि कृतिका रूपमा हलिउड अभिनेत्री मरिलिन मुनरो (Marilyn Monroe)



**एन्डी वारहोल**, *मरिलिन द्विफलक (Marilyn Diptych),* क्यानभासमा तेल रङ, एक्रिलिक, इनामेल तथा सिल्क स्क्रिन, २०५ से. मि. X १४४ से. मि., टेट ग्यालरी, लन्डन

माथि आधारित उनको द्विफलक चित्र (diptych) लाई लिन सकिन्छ । यस रचनामा उनले फोटो आकृतिलाई सिल्क-स्क्रिन पद्धतिद्वारा क्यानभासमा उतारेका छन् । चलचित्र विधाकी प्रख्यात मरिलिन मनरोका मुखाकृतिहरूलाई वारहोलले आफ्नो चित्र रचनामा पनि फिल्म स्ट्रिप जस्तै क्रमबद्ध रूपमा देखाएका छन् । चित्रको द्विफलकमध्ये एक फलक रङ्गीन र अर्को फलक श्यामश्वेत रहेको छ ।

आमसञ्चारले समस्त विश्वलाई हामीबिच अझ निकट ल्याइदिन्छ, र तिनले विश्वलाई हेर्ने हाम्रो दृष्टिकोणलाई तटस्थ बनाइदिन्छ । सानो बाकस (टिभी) मार्फत टाढा वा नजिक घटित कुनै पनि दुर्घटना वा प्रकोपसँग हामी प्रत्येक दिन आफ्नो बैठक कोठाभित्र बसेर साक्षात्कार गर्छौं । यो सानो बाकसलाई हामी आफ्नो इच्छाअनुसार खोल्छौं र बन्द गर्छौं । हाम्रो भूमिका 'दृश्यरतिक' (voyeurs) को मात्र हुन्छ । मिडियाले बारम्बार दोहोर्‍याएर देखाउने समाचार वा घटनाका प्रभावप्रति हामी पूर्णतः संवेदनाशून्य भइदिन्छौं । आम जनमानसमाथि मिडियाको यिनै प्रभावको अकाट्य यथार्थलाई आत्मसात् गरेर वारहोल आफ्ना रचनाहरूमा भावविहीन आकृतिहरूको अन्धाधुन्ध पुनरावृत्ति गर्छन् (स्टोकस्टाड, २००८, पृ. ८९१) ।

एन्डी वारहोलबारे 'दि आर्ट अफ मोडर्निज्म' का लेखक सान्द्रो बोकोला लेख्छन् – "अमेरिकन डलर नोट, कोका-कोला बोतल, सुप क्यान, लिओनार्दो दा भिन्चीको मोनालिसा, मरिलिन मुनरो, एलिजाबेथ टेलर, मार्लोन ब्रान्डो, एल्भिस प्रिस्ले जस्ता फिल्म स्टारका चित्रहरू, विद्युतीय कुर्सी, कार दुर्घटनाबारे छापिएका समाचार फोटो आदि सन् १९६० का दशकको पूर्वार्द्धका एन्डी वारहोलका कृतिहरूका सामग्री रहेका छन् । तिनलाई पृथकीकरण, पुनःउत्पादन, बृहतीकरण, मुद्रण तथा क्रमिक पुनरावृत्तिका माध्यमद्वारा उनी आधुनिक आमसञ्चारका कृत्रिम संसारको दिगो स्मारक खडा गर्छन् । सामान्य सिल्क-स्क्रिन पद्धतिको प्रयोगद्वारा उनी आफ्ना पात्रलाहरूई एकल,




**रोय लिस्टेनस्टाइन,** *ओ, जेफ ... (Oh, Jeff...),* क्यानभासमा तेल रङ, १२२ से. मि. X १२२ से. मि.

द्वय, दर्जनौं वा सयौंका सङ्ख्यामा कोरा वा अस्तर लगाइएका क्यानभासमा
प्रत्येक विषयका अनेक प्रकारहरूमा स्थानान्तर गरिरहन्छन् ।" (बोकोला, १९९, पृ. ४२६)

## रोय लिस्टेनस्टाइन (Roy Lichtenstein)

अमेरिकी कलाकारमध्ये 'पपुलर कल्चर' लाई विषयवस्तु बनाई चित्र रचना गर्ने पहिलो कलाकारको श्रेय रोय लिस्टेनस्टाइनलाई जान्छ । सन् १९६१ मा उनले विज्ञापन, कार्टुन चित्र तथा कमिक्समा आधारित चित्र रचनाहरू बनाउन थालेका थिए । तिनमा मोटो कालो बाह्य रेखाङ्कनसहित प्राथमिक रङहरू प्रयोग गरिएका छन् । यस अतिरिक्त प्रिन्टिङ पद्धतिमा प्रयोग हुने बिन्दु रेखाहरू पनि तिनमा प्रयोग गरिएका हुन्छन् । लिस्टेनस्टाइन विज्ञापन तथा अन्य प्रकाशनहरूमा प्रकाशित लोकप्रिय चित्र, कथा, कमिक्स वा दृष्टान्त चित्रहरूलाई तिनको मूल रूपमा तर बृहत् आकारमा रूपान्तर गर्छन् । त्यसबाट उनी दर्शकलाई पूरबपरिचित तर तिनका सवर्था नौलो स्वरूपसँग साक्षात्कार गराउँछन् (बोकोला, १९९९, पृ. ४२२) ।

## क्लास ओल्डेनबर्ग (Claes Oldenburg)

स्विडेनमा जन्मेका क्लास ओल्डेनबर्गका कामहरू बढी आलोचनात्मक एवम् हास्यपूर्ण रहेका छन् । उनको हास्यचेत आफू अध्ययन गरेको संस्था याल युनिभर्सिटी (Yale University) का लागि उनले बनाएका 'लिपिस्टिक स्मारक' (Lipstick Monument) मा



**क्लास ओल्डेबर्ग,** *ट्याङ्कमाथि ठाडो राखिएको लिपिस्टिक (Lipstick Ascending on Caterpillar Tracks),* रङगीन स्टिल, अल्मुनियम तथा फाइबर ग्लास, ६७० से. मि. X ५९४ से. मि. X ३३३ से. मि., याल युनिभर्सिटी आर्ट ग्यालरी

टड्कारो दृष्टिगोचर हुन्छ । यो रचना उनले सन् १९६० का दशकमा भियतनाम युद्धताका विरूद्ध आयोजित विद्यार्थीहरूको विरोध प्रदर्शन ताका वास्तुकलाका विद्यार्थीहरूको अनुरोधमा बनाएका थिए । ओल्डेनबर्गले यस कृतिमा युद्ध ट्याङ्माथि क्षेप्यास्त्र (missile) को प्रतीकका रूपमा एउटा विशाल लिपिस्टिक ठड्याएका थिए ।

ओल्डेनबुर्ग लुगाफाटा, जुत्ता, टोपी, खेलौना आदि दैनिक जीवनमा प्रयोग हुने सामग्रीका अतिरिक्त केक, पिज्जा, स्यान्डविच, ह्यामबर्गर, ससेज, फलफूल आदि खाद्य वस्तुलाई प्लास्टर, पेपरमेसे जस्ता सामग्रीमा बनाई तिनमाथि रङ्गाङ्कन गर्थे । तिनलाई उनी पोर्सेलेन प्लेट, सिसाका दराज आदिमा सजाएर प्रस्तुत गर्थे ।

ओल्डेनबर्गलाई आधुनिक यथार्थवादी कलाकारका रूपमा लिने वा नलिने भन्नेबारे मतभेद होला, अपितु उनका काममा निहित यथार्थवादी चरित्रलाई भने नकार्न सकिँदैन । ती काम आदर्शीकरणबाट निर्दिष्ट छैनन् । तिनले कुनै मनोगत भावलाई पनि व्यक्त गर्दैनन् । अपितु तिनले निर्णायक वा अभिव्यक्तिशील भूमिकाका बदला हास्य भावलाई उजागर गर्छन् (बोकोला, १९९९, पृ. ४३६) ।

## अन्य पप कलाकारहरू

अमेरिकी पप आर्टलाई स्थापित गराउनमा जर्ज सेगल (George Segal), मारिसोल एस्कोबार (Marisol Escobar), टम वेसेलमान (Tom Wesselman), जेम्स रोसेन्क्विस्ट (James Rosenquist), जिम डाइन (Jim Dine), रबर्ट इन्डियाना (Robert Indiana), एडवर्ड होप्पर (Edward Hopper), जेम्स गिल (James Gill) आदि कलाकारहरूको पनि महत्त्वपूर्ण योगदान रहेको छ ।

## जापानमा पप आर्ट

दोस्रो विश्वयुद्धको समाप्तिपछि जापानले आफूलाई अत्यन्त विकसित एवम् औद्योगिक राष्ट्रका रूपमा स्थापित गर्न थालेको थियो । द्रुत आर्थिक वृद्धिदरसँगै जापानको जनजीवनमा पाश्चात्य संस्कृति तथा जीवन शैलीले पनि प्रभाव पार्न थालेका थिए । यससँगै जापानी कलामा पनि आधुनिक कलाका विविध धार तथा शैलीहरूको व्यापक प्रयोग हुन थालेका थिए । हुनत पूर्वार्द्धका आधुनिक कला आन्दोलनहरूका रूपमा चिनिने प्रभाववाद (Impressionism), उत्तर प्रभाववाद (Post Impressionism), आर्ट नोव्यु (Art Nouveau) जस्ता महत्त्वपूर्ण शैलीका प्रणेताहरूको प्रेरणाको उद्‌गम जापानी परम्परागत उडब्लक प्रिन्टहरु (woodblock prints) थिए । एद्‌वार माने (Édouard Manet), क्लोद मोने (Claude Monet), एड्गा देगा (Edgar Degas), भिन्सेन्ट भ्यान गो (Vincent van Gogh), तुलुज लुत्रेक (Toulouse-Lautrec), गुस्ताभ क्लिम्ट (Gustav Klimt) आदि उन्नाइसौं शताब्दीका विश्वप्रसिद्ध कलाकारहरूका काममा जापानी प्रिन्टको गहिरो प्रभाव परेको दृष्टिगोचर हुन्छ ।



**यायोई कुसामा**, *रूखमा ऊर्ध्वमुखी पोल्का डट्स,* सिङ्गापुर द्विवार्षिक कला मेला, २००६, अर्कार्ड रोड, सिङ्गापुर

जापानी पप आर्टको प्रकरणमा हारूय कोगा (Harue Koga) का कामहरु (सन् १९२० को दशकका उत्तरार्द्ध र सन् १०३० को दशकका पूर्वार्द्ध) लाई पप आर्टको सङ्केतका रूपमा लिइन्छन् । पप आर्टको विकासमा यायोई कुसामा (Yayoi Kusama) को महत्त्वपूर्ण योगदान रहेको छ । उनी पोल्का डट्स (polka dots) प्रयोग गरी चित्र, मूर्ति, इन्सटलेसन परफरमेन्स, फेसन डिजाइन आदि गर्छिन् । सन् १९६० को दशकको मध्यवर्ती कालमै ग्राफिक डिजाइनर ताडानोरी योकू (Tadanori Yokoo) जापानी पप आर्टका सर्वाधिक सफल एवम् अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारका रूपमा स्थापित भइसकेका थिए ।




**ताडानोरी योकू**, बिटल्स सङ्गीत समूहको म्युजिक रेकर्डको कभर डिजाइन, १९६४

उनले बिटल्स, मर्लिन मनरो, एलिजावेथ टेलर जस्ता पप संस्कृतिका आइकोनहरूका लागि अनेकौं सिर्जनात्मक विज्ञापन, पोस्टर तथा चित्रहरु रचना गरेका थिए । केइची तानामी (Keiichi Tanaami) त्यस समयका अर्का प्रसिद्ध पप आर्टिस्टका रूपमा चिनिन्छन् ।

## उपसंहार

पप आर्टको सुरूआत इङ्ग्ल्यान्डबाट भएर संयुक्त राज्य अमेरिकामा फस्टाएको थियो । अतः पप आर्टलाई 'अमेरिकन फिनोमिनन' भनेमा अतिशयोक्ति नहोला । निःसन्देह यो कला आन्दोलन पश्चिमा जनजीवनको आर्थिक समृद्धिसँगै मौलाएको नूतन आम संस्कृतिको उपज थियो । अमेरिका र केही युरोपेली मुलुकहरु बाहेक ल्याटिन अमेरिका, अफ्रिका तथा एसियाली मुलुकका कलाकारहरु पप आर्टप्रति



**केइची तानामी**, *शीर्षकरहित,* १९७१, कागजमा कोलाज

खासै आकर्षित भएको देखिँदैन । यी क्षेत्रका कलाकारहरूले आधुनिक कलाका अन्य धारहरू, जस्तै : घनवाद (Cubism), अतियथार्थवाद (Surrealsim), अभिव्यञ्जनावाद (Expressionism), अमूर्त अभिव्यञ्जनावाद (Abstract Expressionism) आदि कला शैलीलाई आत्मसात् गरे तापनि पप आर्टलाई त्यति अनुसरण गरेको देखिँदैन । यसो हुनुपछाडि सम्भवतः पप आर्टको बिगबिगी हुँदा ताका तेस्रो विश्वका यी मुलुकहरूको मौलिक एवम् परम्परावादी संस्कृतिलाई पाश्चात्य विश्वको 'पप कल्चर' ले छुन पाएको थिएन । परन्तु यस सन्दर्भमा एसियाली मुलुक जापानलाई भने अपवादका रूपमा लिनुपर्ने हुन्छ । जापानी पप आर्ट पनि अमेरिकी पप आर्टकै हाराहारीमा अगाडि आएको यथार्थलाई नकार्न सकिँदैन ।

## सन्दर्भ सूची


Adams, Laurie Schneider. *A History of Western Art.* 3rd ed. New York: McGraw-Hill, 2001.

Arnason, H. *History of Modern Art: Painting, Sculpture, Architecture,* New York: Harry N. Abrams, Inc. 1968.

Bocola, Sandro. *The Art of Modernism: Art, Culture, and Society from Goya to the Present Day.* Munich, London, New York: Prestel, 1999.

Cunningham, Lawrence S. and Reich, John J. *Culture and Values: A Survey of the Humanities.* 6th ed. USA: Thomson Learning Inc, 2006.

de la Croix, H.; Tansey, R., *Gardner's Art Through the Ages,* New York: Harcourt Brace Jovanovich, Inc., 1980.

Gombrich, E. H. *The Story of Art.* London: Phaidon Press Ltd., rev. ed. 2000.

Gowing, Sir Lawrence (Ed.). *A Biographical Dictionary of Artists.* Revised ed. Oxfordshire, England: Andromeda Oxford Ltd. 2002.

Gowing, Sir Lawrence (Ed.). *A History of Art.* Rev. ed. Oxfordshire, England: Andromeda Oxford Ltd. 1995.

Harrison, Sylvia. *Pop Art and the Origins of Post-Modernism.* Cambridge University Press. 2001.

Livingstone, M., *Pop Art: A Continuing History,* New York: Harry N. Abrams, Inc., 1990.

Piper, David. *The Illustrated History of Art,* ISBN 0-7537-0179-0, p486-487.

Stokstad, Marilyn. *Art History: A View of the West.* Volume One and Volume Two. 3rd ed. New Jersey: Pearson Education, Inc. 2008.





***नवीन्द्रमान राजभण्डारी***

*नवीन्द्रमान राजभण्डारी चित्र सिर्जनाका अतिरिक्त सिर्जना कलेज अफ फाइन आर्टस्मा कला इतिहास विषय अध्यापन गर्छन् र कलाबारे लेख्छन् पनि । उनीद्वारा लिखित 'पाश्चात्य कला : सङ्क्षिप्त इतिहास (पहिलो भाग)' प्रकाशित भइसकेको छ भने यसै पुस्तकको दोस्रो भाग प्रकाशोन्मुख छ । सिर्जना कलेज अफ फाइन आर्टस्द्वारा प्रकाशित 'चित्रकला' शीर्षकको पुस्तकको लेखन तथा सम्पादन कार्यमा पनि उनको संलग्नता रहेको छ ।*